सौंगुरीगढी गाउँपालिका

गाँउ कार्यपालिकाको कार्यालय

भेडेटार धनकुटा

<u>ढुंगा गिटी बालुवा संकलन तथा बिक्री सम्बन्धी ठेक्काको शिलबन्दी बोलपत्र आह्वानको सुचना</u>

(प्रथम पटक प्रकाशित मिति : २०७६/०४/१६)

यस गाउँपालिकाको आन्तरिक आय संकलन गर्ने कार्य अन्तरगत आर्थिक वर्ष २०७६/७७ का लागि तपशिल बमोजिमको शर्तमा ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले उल्लेखित न्युनतम ठेक्का अंकमा नघट्ने गरी शिलबन्दी बोलपत्र आह्वान गरिएको छ । ईच्छुक फर्म तथा कम्पनीहरुले निम्न बमोजिमको रीत पुर्याई ठेक्काका लागि शिलबन्दी बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| सि. न | ठेक्का न. | ठेक्काको विवरण | न्यूनतम वार्षिक ठेक्का अंक (मु.अ. कर बाहेक) | बोलपत्र फाराम दस्तुर | संकलन तथा निकासीको परिमाण | शुल्क प्रति क्यु फिट (मु अ कर बाहेक) |
|---|---|---|---|---|---|---|
| १ | १-२०७६/७७ | लेउती खोलाबाट ढुङ्गा गिटी बालुवा संकलन तथा बिक्री गर्ने कार्य | रु. ५६,००,०००/- (रु. छपन्न लाख) | रु. ३,०००।०० (पछि फिर्ता नहुने गरी) | बोलपत्र फाराममा उल्लेख भए बमोजिम | बोलपत्र फाराममा उल्लेख भए बमोजिम |

<u>शर्तहरु</u>

१ बोलपत्र फाराम यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र उपयुक्त बमोजिमको दस्तुर तिरी यस कार्यालयबाट कार्यालय समयमा खरिद गर्न सकिने छ ।

२. बोलपत्र साथ आफुले कबोल गरेको अंकको ५% ले हुने रकम यस कार्यालयको नेपाल बंगलादेश बैंक सौंगुरीगढी शाखा भेडेटार धनकुटा स्थित धरौटी खाता ०५२०००००८४१ मा जम्मा गरेको सक्कल भौचर साथै राखि खाम बाहिर प्रस्ट बुझिने गरी ढुङ्गा गिटी बालुवा संकलन तथा बिक्रि कार्यको बोलपत्र उल्लेख गरी शिलबन्दी बोलपत्र भनी नाम समेत उल्लेख गरी बोलपत्र दाताको नाम, घर ठेगाना समेत स्पष्ट उल्लेख गरी पेश गर्नुपर्ने छ । साथै व्यवसायी प्रमाणपत्र, स्थायी लेखा नम्बर प्रमाणपत्र तथा कर चुक्ताको प्रमाणपत्र समेत समावेश हुनुपर्नेछ । खरिद भएको बोलपत्र स्पष्ट सँग भरी शिलबन्दी लाहाछाप लगाई यो सुचना प्रकाशित भएको ३१ औं दिनको १२:०० बजे भित्रमा यस कार्यालयमा दर्ता गराईसक्नु पर्नेछ । संशोधन पेश गर्न चाहेमा ३१ औं दिनको १२.०० बजे भित्र संशोधन पेश गर्नुपर्नेछ ।

३. रीतपुर्वक दर्ता हुन आएका बोलपत्रहरु दाखिला गर्ने अन्तिम दिन दिनको २.०० बजे बिभिन्न कार्यालयका प्रतिनिधिहरु एवं बोलपत्रदाता वा निजका प्रतिनिधिहरुका रोहवरमा यस कार्यालयमा खोलिने छ । बोलपत्रदाता वा निजका प्रतिनिधि उपस्थित नभए पनि बोलपत्र खोल्ने काममा बाधा पर्ने छैन ।

४. रीत नपुगी, म्याद नाघि तथा कुनै शर्त राखी आएका बोलपत्र उपर कुनै कारबाही हुने छैन ।

५. ठेकेदारले रकम बुझाउँदा पहिलो किस्ताको रकम ठेक्का अकमा ५०% कायम गरिने र अन्य दुई किस्ता २५% को दरले बिभाजन गरिनेछ । पहिलो किस्ता रकम सम्झौता गर्नु अगावै जम्मा गर्नुपर्नेछ । दोस्रो किस्ता माघको पहिलो हप्ता र अन्तिम किस्ता चैत्रको दोस्रो हप्ता भित्र यस कार्यालयमा बुझाउनु पर्ने छ । पहिलो किस्ता बाहेक बाँकी किस्ताको लागि सो बराबरको ठेक्का अवधिभरको म्याद भएको यस कार्यालयको नाममा जारी भएको मान्यता प्राप्त बैंक ग्यारेन्टी सम्झौता भएकै बखत पेश गर्नु पर्नेछ ।

६. कुनै कारण देखाई वा नदेखाई ठेक्का स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार सौंगुरीगढी गाँउपालिकामा सुरक्षित रहने छ । दर्ता हुन आएका बोलपत्र मध्ये स्वीकृत बोलपत्रवालालाई सम्झौता गर्न आउन भनी सूचना दिईनेछ । सम्झौता गरी ऐन नियम बमोजिम कार्यादेश लिई ठेक्का सन्चालन गर्नु पर्नेछ ।

७. बोलपत्रदाताले बोलपत्रमा मूल्य अभिबृद्धि कर बाहेकको ठेक अंक उल्लेख गर्नुपर्नेछ । प्रचलीत कानुन बमोजिम लाग्ने कर दस्तुर आदी बुझाउनु पर्ने रकम ठेकेदार आफैले बुझाउनु पर्नेछ । मूल्य अभिबृद्धि करको हकमा प्रचलित कानुन बमोजिम लाग्ने मु.अ. कर रकम किस्ता भुक्तानी सगै अग्रिम रुपमा बुझाउनु पर्नेछ ।

८. बोलपत्र खरिद तथा दाखिला गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा उक्त कार्यहरु क्रमश बिदाको लगतै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

९. कर/ शुल्क उठाउन आवश्यक कर्मचारी तथा रसिदको व्यवस्था ठेकेदार स्वयमले गर्नु पर्नेछ । नगदी रसिद ठेकेदारले आफ्नै तर्फबाट छपाई यस कार्यालयमा पेश गरी प्रमाणित गराएर मात्र प्रयोगमा ल्याउनु पर्नेछ ।

१० ढुङ्गा, गिटी, बालुवा, ग्राभेल जस्ता सामाग्री खोलाबाट निकाल्दा कोशी राजमार्गको पुलले दुबै तर्फको ५००/५०० मी. भित्रबाट निकाल्न पाईने छैन र सडकलाई क्षती नपुग्ने हिसाबले लेउती खोला क्षेत्रको सिमसुवा देखि उखुडाँडा सम्मको सडकको विपरित तर्फ खोला बगेको पारिपट्टीको क्षेत्रबाट मात्र सामाग्री संकलन तथा बिक्री गर्नुपर्ने छ । सडक तर्फ खोला वारी त्यस्ता सामाग्री संकलन गरी बिक्रि गरेको थाहा भएमा सोको जिम्मेवारी ठेकेदारले व्यहोर्नुपर्ने छ र ठेक्का बदर गरी भएको क्षती ठेकेदारबाट कानून बमोजिम भराईने छ । बिदेशी मित्र राष्ट्रबाट सोझै संचालन हुने आयोजनाका निमित्त प्रयोग हुने गिटि ,बालुवा, ग्राभेल जस्ता सामाग्रीको हकमा नेपाल सरकार सगँ गरेको सम्झौतामा स्थानीय कर लिन नपाउने उल्लेख भएको रहेछ भने उक्त आयोजनाका निम्ती प्रयोग हुने त्यस्ता सामाग्रीमा र नेपाल सरकारको अमानतबाट गराउने काममा प्रयोग हुने निर्माण सामाग्रीमा गाँउपालिकाले छुट दिएमा सो मा कर शुल्क लिन पाईने छैन

११. बोलपत्र साथ रहेको धरौटी रकम ठेक्का अवधि समाप्त भएपछि आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ताको प्रमाण पेश गरेपछि मात्र फिर्ता दिईनेछ ।

१२. गाँउपालिकाले तोकेको स्थानमा मात्र संकलन केन्द्र राखि कर/शुल्क असुल गर्नुपर्ने छ । सवारी आवागमनलाई अवरोध हुने गरी ढाट राख्न पाईने छैन ।

१३. खोलाबाट सामग्री उत्खनन तथा संकलन गर्दा बिहान सुर्योदय पश्चात र बेलुका सुर्योदय अगावै गरिसक्नुपर्नेछ । साथै मापदण्ड विपरित कुनै पनि प्रकारले संकलन तथा उत्खनन गर्न पाइने छैन ।

१४. यस ठेक्का सम्बन्धी कुनै विवाद उत्पन्न भएमा गाँउपालिकाको निर्णय अन्तिम हुनेछ ।

१५ ढुङ्गा, गिटी, बालुवा, ग्राभेल जस्ता सामाग्री खोलाबाट संकलन गरी गाँउपालिकाले तोकिदिएको स्थानमा घाटगद्दि गर्नुपर्ने छ । घाटगद्दि गरिएको ढुंगा, गिटि , बालुवाको परिमान गाउँपालिकाको अनुगमन समितिबाट यकिन गरि बिक्रि गर्नुपर्नेछ ।

१६. यस ठेक्काको अवधी सम्झौता भएको मिति देखि २०७७ जेष्ठ मसान्त सम्म कायम रहने छ ।

१७. अन्य विस्तृत जानकारीको लागि यस कार्यालयमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत